# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ४६८

मिति: २०८३।०४।१९ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## स्कटिङ सहित ल्याएको आलुको बोराभित्रबाट खैरो हेरोईन बरामद ४५.१९० ग्राम सहित ३ जना पक्राउ ।

**मिति २०८३।०४।१९ गते लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय बर्दिबासबाट खटिएको प्रहरी टोलीले जिल्ला सिन्धुली कमलामाई न.पा. वडा ९ भिमानस्थित बिपि राजमार्गमा आवतजावत गर्ने सवारी साधनको चेकजाँच गर्ने क्रममा महोत्तरीबाट काठमाण्डौ तर्फ आउदै गरेको मधेश प्रदेश ०५-००१ ज ००८६ नम्बरको हाईसमा सवार सन्देश यादवलाई आलुको बोराभित्र लुकाई ल्याएको खैरो हेरोईन ४५.१९० ग्राम सहित पक्राउ गरी थप अनुसन्धानको सिलसिलमा निजलाई बरामद लागु औषध काठमाण्डौसम्म लैजान दिई उक्त हाइसलाई स्कट गर्दै मोटरसाईकलमा सवार निम्न उल्लेखित नामथर ठेगाना भएका अन्य २ जना व्यक्तिलाई समेत पक्राउ गरी आवश्यक अनुसन्धान कारवाहीको लागी इलाका प्रहरी कार्यालय भिमान सिन्धुली बुझाइएको ।**

**निम्न:-**

### ❖ पक्राउ प्रतिवादीहरुको विवरण

१. जिल्ला सिराहा मिर्चैया न.पा. वडा नं. ५ ठेगाना भएका वर्ष २० को सन्देश यादव ।

२. जिल्ला धनुषा कमला न.पा. वडा नं. ७ ठेगाना भएका वर्ष २० को राहुल कुमार मण्डल ।

३. जिल्ला सिरहा कल्याणपुर न.पा. वडा नं. ६ ठेगाना भएका वर्ष २० को अभिषेक कुमार साह ।

### ❖ बरामद (दशी) सामानहरुको विवरण

१. खैरो हेरोईन ४५.१९० ग्राम

२. बा.प्र. ०२-०४६प४८५३ नम्बरको मोटरसाईकल थान १

३. मोबाइल थान-१



**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

नेपाल प्रहरी